# हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : २९, २०८२ चैत २२ गते आइतवार ( 5 Apr. 2026 ) मूल्य रु. २०।-


## संघीय संसद्को बैठक बिहिवार देखि सुरु भएको छ

सुस्केरा समाचारदाता

काठमाडौं, चैत – प्रतिनिधिसभा बैठक सुरु भएको छ। पहिलो बैठकको ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अध्यक्षता गर्नु भएको थियो।

बैठकमा दलका शीर्ष नेता/संसदीय दलका नेताले सम्बोधन गर्दै छन्। संसद्मा सबैभन्दा ठूलो दल रास्वपाबाट सभापति रवि लामिछानेले सम्बोधन गर्नु भएको छ। अधिवेशन सुरु भएको अवसरमा दलीय आधारमा नेताहरुले धारणा राख्नु भएको हो। प्रमुख प्रतिपक्षी दल कांग्रेसका तर्फबाट भने भीष्मराज आङ्देम्बेले सम्बोधन गर्नु भयो। तेस्रो दल नेकपा(एमाले)का तर्फबाट दलका नेता रामबहादुर थापा र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)बाट नेता वर्षमान पुनले बोल्नु भएको थियो।

श्रम संस्कृति पार्टीबाट हर्क साम्पाङ र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ज्ञानबहादुर शाहीले सम्बोधन गर्नु भएको थियो। त्यस्तै, स्वतन्त्र सांसद महावीर पुनले पनि धारणा राख्नु भएको थियो।

२ सय ७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाबाट १ सय ८२ सांसद छन्। कांग्रेसका ३८, एमालेका २५, नेकपाका १७, श्रम संस्कृति पार्टीका ७ र राप्रपाका ५ सांसद छन्। प्रतिनिधिसभामा महावीर पुन स्वतन्त्र सांसद हुनुहुन्छ।

प्रतिनिधिसभा बैठक सुरु भएलगत्तै एमाले सांसदहरूले उभिएर विरोध

....... ..पेज नं. ८ मा




डोल्पामा आयोजना प्रस्ताव छनोट समितिको बैठकमा प्रदेशसभा सदस्यहरु।

## सांसद बुढाले प्रमसंग मागे अर्ब बजेट

सुस्केरा समाचारदाता

डोल्पा, चैत। शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारदेखि सामाजिक क्षेत्रसम्मको समग्र विकासका लागि डोल्पाका प्रतिनिधिसभा सदस्य धनबहादुर बुढाले प्रधानमन्त्री बालेन्द्र शाह समक्ष एक अर्ब रुपैयाँ बराबरको विस्तृत विकास प्रस्ताव पेश गर्दै ती योजना सम्पन्न गर्न अर्ब भन्दा बढि बजेट माग गर्नु भएको छ।

चौथो पटक निर्वाचित हुनु भएका प्रतिनिधिसभा सदस्य बुढाले जिल्लामै गुणस्तरीय र सुलभ उच्च शिक्षा हासिल गर्न मुस्किल रहेको डोल्पामा डोल्पाको सदरमुकाम दुनैमा रहेको डोल्पो क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयको आंगिक बनाउन दरबन्दी व्यवस्था गर्न, अस्पतालहरु निर्माण र संचालन गर्न देखि भौतिक विकासको मेरुदण्ड सडकको विकासलाई प्राथमिकता राख्दै बजेट माग्नु भएको हो।

भेरी करिडोरअन्तर्गत ल्यासीक्याप-सिसौल सडक निर्माणलाई मुख्य प्राथमिकतामा राखिएको उक्त प्रस्तावले जिल्लाको

....... ..पेज नं. ८ मा

## क्षयरोगको खोजपड्ताल संचालन

सुस्केरा समाचारदाता

डोल्पा, चैत। ठुलीभेरी नगरपालिका स्वास्थ्य शाखाद्वारा सञ्चालन गरिएको क्षयरोग (टिबी) खोजपड्ताल कार्यक्रम वडा नम्बर ६ मा सम्पन्न भएको छ। मिति २०८२ साल चैत्र १५ गतेदेखि सुरु गरिएको उक्त अभियान चैत्र २० गते वडा नम्बर ६ मा पुगेर सम्पन्न भएको हो।

कार्यक्रममा शङ्कास्पद व्यक्तिहरूको पहिचान गरी १ सय १६ जनाबाट खकार नमुना सङ्कलन गरिएको स्वास्थ्य शाखाले जनाएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमअनुसार सञ्चालन गरिएको यस अभियानसँगै ग्रामीण क्षेत्रमा गर्भवती महिलाहरूका लागि दोस्रोपटक भिडियो एक्सरे सेवा पनि प्रदान गरिएको छ। जसमा आठ जना

....... ..पेज नं. ८ मा

## डोल्पामा आयोजना प्रस्ताव छनोट

सुस्केरा समाचारदाता

डोल्पा, चैत। जिल्ला स्तरीय आयोजना प्रस्ताव छनोट तथा सिफारिस समितिको बैठक गएको बिहिवार जिल्ला समन्वय समितिको सभाकक्षमा सम्पन्न भएको छ। दुई दिनसम्म सञ्चालन भएको उक्त बैठकले आर्थिक वर्ष २०८३/०८४ का लागि स्थानीय तह र सेवाग्राहीहरु मार्फत कर्णाली प्रदेश सरकारका डोल्पा जिल्ला स्थित विषयगत कार्यालयमा सूचीकृत योजनाहरूलाई कर्णाली प्रदेश आयोजना बैंकमा सिफारिस गर्ने निर्णय गरेको छ।

बैठकमा कर्णाली प्रदेश सभा सदस्य एवम् कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री, कर्णाली प्रदेशसभा सदस्य वीर बहादुर शाही र उर्मिला विश्वकर्माको उपस्थिति रहेको थियो। साथै जिल्ला समन्वय समिति डोल्पाका प्रमुख

....... ..पेज नं. ८ मा

## आर्थिक गणना सम्बन्धी सचेतना

सुस्केरा समाचारदाता

डोल्पा, चैत। जिल्लाको समग्र आर्थिक अवस्थाको यथार्थ चित्रण पत्ता लगाउने उद्देश्यले हुन लागेको आर्थिक गणना २०८२ सम्बन्धी डोल्पमा जिल्ला स्तरीय सचेतना गोष्ठी गरिएको छ। जिल्ला आर्थिक गणना कार्यालय डोल्पाको आयोजनामा जिल्ला प्रशासन कार्यालयको सभाकक्षमा शनिबार आयोजित कार्यक्रममा सरोकारवालाहरूको सहभागितामा उक्त कार्यक्रम संचालन भएको हो।

नेपालभित्र सञ्चालनमा रहेका विभिन्न प्रकारका प्रतिष्ठान तथा व्यवसायहरूको तथ्यांक संकलनमार्फत देशको आर्थिक संरचना र गतिविधिको स्पष्ट चित्र प्राप्त गर्ने लक्ष्यका साथ सचेतना गोष्ठीको आयोजना गरिएको हो। आर्थिक गणनाको आवश्यकता, उद्देश्य र महत्वबारे जानकारी गराइएको थियो।

गोष्ठीमा जिल्ला आर्थिक गणना अधिकारी प्रेमबहादुर डांगीले आर्थिक गणनाको कार्यक्षेत्र, उद्देश्य, तथ्यांक संकलन प्रक्रिया तथा सरोकारवाला निकायहरूको भूमिकाबारे प्रकाश पार्नु भएको थियो। आर्थिक गणना कार्य अन्तर्गत तथ्यांक

....... ..पेज नं. ८ मा

## गृहमन्त्री सुदन गुरुङद्वारा तीन वटा अध्यादेश पेश

सुस्केरा समाचारदाता

काठमाडौं, चैत। गृहमन्त्री सुधन गुरुङले प्रतिनिधि सभाको बैठकमा तीन वटा अध्यादेश पेश गर्नुभएको छ। फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनपछि बिहीवार बसेको प्रतिनिधि सभाको पहिलो बैठकमा गृहमन्त्री गुरुङले मतदाता नामावली, प्रतिनिधिसभा सदस्य र नेपाल विशेष सेवा सम्बन्धी अध्यादेश पेश गर्नुभएको हो।

गृहमन्त्री गुरुङले 'मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२' पेश गर्नुभएको हो। नेपालको संविधानको धारा ८४ को उपधारा (२) बमोजिम समानुपातिकको बन्द सूचीमा समावेश गराउनुपर्ने जनसङ्ख्याको आरक्षणका लागि अध्यादेशबाट कानुन संशोधन गरिएको थियो। गत फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन मिति तोकिएपछि सोका लागि मतदाता नामावली अध्यावधिकको प्रयोजनका लागि अघिल्लो सरकारले 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश' ल्याएको थियो।

गृहमन्त्री गुरुङले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतबाट गृह मन्त्रालयअन्तर्गत राख्न 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश' जारी भएको जानकारी गराउनुभयो।

यसअघि सदनको पहिलो बैठकमा दलका शीर्ष नेताले सम्बोधन गर्नुभयो।

....... ..पेज नं. ८ मा

### संघीय संसद्को ... .... . ...

जनाएका थिए ।

विरोधपछि सभाको अध्यक्षता गरिरहेका अर्जुननरसिंह केसीले एमाले सांसद गुरु बराललाई बोल्न समय दिनु भयो । गुरु बरालले पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली र पूर्वगृहमन्त्री तथा कांग्रेस नेता रमेश लेखक पक्राउको विरोध गर्दै रिहा गर्न माग गर्नु भयो । शान्तिपूर्ण प्रदर्शनमा हस्तक्षेप नगर्न पनि उहाँले आग्रह गर्नु भएको थियो ।

काठमाडौं लगायत विभिन्न ठाउँमा शान्तिपूर्ण प्रदर्शन गर्दा सरकारले दमन गरेको, घाइते बनाएको पार्टी कार्यालय भित्रै पसेर प्रहरीले कुटपिट गरी हात खुट्टा भाँचेको, टाउको फुटाएको भन्दै आपत्ति जनाउनु भयो ।

प्रतिनिधिसभाको बिहिवारको बैठकमा राष्ट्रपति कार्यालयबाट प्राप्त प्रधानमन्त्री पदको नियुक्ति र मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रहरूको व्यहोरा जानकारी गराइएको छ ।

बैठकको अध्यक्षता गरेका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ (१) बमोजिम प्रतिनिधिसभा सदस्य वालेन्द्र शाहलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्त गरेको व्यहोरा जानकारी गराउनु भएको हो ।

उहाँले प्रधानमन्त्री शाहको नेतृत्वमा गठित १५ सदस्यीय मन्त्रिपरिषद् र कार्यविभाजनसम्बन्धी व्यहोरासमेत सदनलाई जानकारी गराउनु भयो । यसअघि ज्येष्ठ सदस्य केसीले राष्ट्रपति कार्यालयबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्रको बेहोरा सदनलाई जानकारी दिनु भएको थियो

बैठकले नेपालको संविधानको धारा १०४ बमोजिम प्रतिनिधिसभाबाट सभाले आफ्नो नियमावली नबनाएसम्मको लागि प्रतिनिधिसभा नियमावली, २०७९ बमोजिम कामकारवाही गर्नेसम्बन्धी प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

बैठकमा ज्येष्ठ सदस्य केसीले सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न सांसदहरू आरेन राई, गंगा छन्त्याल, तारिह अलि भाट, वासना थापा, विश्वराज पोखरेल, यज्ञबहादुर बोगटी र बलावती शर्मालाई मनोनयन गरिएको जानकारी पनि दिनु भएको थियो ।

### गृहमन्त्री सुदन ... .. .....

बैठकमा संविधानसभाका सदस्य एवं पूर्वसदस्य ऋषिकेश गौतम, मोहम्मद अफ्ताव आलम, कृष्णकुमारी श्रेष्ठ, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र संविधानसभा तथा राष्ट्रियसभाका सदस्य बलदेव बोहराको विभिन्न समयमा भएको निधनप्रति शोक प्रस्ताव पारित गरिएको छ ।

प्रतिनिधिसभाको अर्को बैठक यही चैत २२ गते आज आइतबार बिहान ११ बजे बस्नेछ ।

### आर्थिक गणना ...... .......

संकलन कार्य डोल्पामा २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म सञ्चालन हुनेछ । तथ्यांक संकलन प्रत्यक्ष अन्तर्वार्ता तथा ई-सेन्सस विधिबाट समेत गरिने कार्यक्रममा जानकारी गराइएको थियो ।

कार्यक्रममा सहभागीहरूले आर्थिक गणनालाई सफल बनाउन आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ । प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले आर्थिक गणना देशको आर्थिक गतिविधि तथा व्यवसायिक संरचनाको वास्तविक अवस्था बुझ्ने महत्वपूर्ण आधार भएकोले यसको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाको सहभागिता अपरिहार्य रहेको बताउनु भयो । अहिलेको अवस्थामा डोल्पाको आर्थिक पक्षका यथार्थ तथ्यांक खोज्दा नपाइने भेटाउने मुश्किल हुने गरेकोमा हिमाली र दुर्गम डोल्पाको लागि आर्थिक गणना कार्यक्रम थप महत्त्वपूर्ण रहेको उल्लेख गर्नु भयो ।

प्रमुख जिल्ला अधिकारी जनु हमाल ढका( लको अध्यक्षता जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्याम बहादुर रोकायाको प्रमुख आतिथ्यतामा प्रहरी नायव उपरिक्षक रुकबहादुर खड्का अनुसन्धान प्रमुख सन्तोष ओझा सहायक प्रमुख जिल्ला अधिकारी रमेश पौडेल लगायत विभिन्न पेशागत संघ-संस्थाका प्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

### क्षयरोगको .. .... .... .....

गर्भवती महिलाले सेवा लिएका छन् । यसै अवसरमा सिटिजन्स बैंक लिमिटेड जुफाल शाखाले ठुलीभेरी नगरपालिका सँगको समन्वयमा आफ्नो वार्षिक उत्सवको अवसर पारेर नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । शिविरमार्फत १०० भन्दा बढी महिला, जेष्ठ नागरिक, अशक्त तथा बालबालिकालाई स्वास्थ्य जाँच सेवा प्रदान गरिएको थियो ।

स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक राजनकुमार डाँगीका अनुसार चालु आर्थिक वर्षमा सबै वडामा समेटिने गरी समुदायस्तरमा स्वास्थ्य कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । उहाँले विभिन्न चुनौती र कठिनाइका बावजुद पनि दुर्गम बस्तीमा बसोबास गर्ने नागरिकसम्म गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन निरन्तर प्रयास भइरहेको जानकारी दिनु भयो ।

### डोल्पामा आयोजना ..... ....

श्यामबहादुर रोकाया, कर्णाली प्रदेश सरकारका जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख, राजनीतिक दलका प्रतिनिधि तथा सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै सहभागीहरूले योजना छनोट प्रक्रियालाई पारदर्शी, परिणाममुखी र दोहोरिन नदिने गरी अघि बढाउन जोड दिएका थिए । "योजना नदोहोरियोस्, नछुटोस् र सही ठेगानामा पुगोस्," भन्ने मूल मर्मसहितको हेतुले विषयगत कार्यालयहरूले योजना सूचीकृत गरेर ल्याएका कार्यालयको कार्यक्षेत्र बाहिरका योजना सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने तथा अनुगमन-सुपरिवेक्षणलाई प्रभावकारी बनाउनै ल्याइएको धारणा राखिएको छ ।

कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री शेरबहादुर बुढाले योजना छनोटलाई अझै पारदर्शी र प्रभावकारी बनाउँदै 'डोल्पालीको भाग्यरेखा कोर्ने अवसर' भएको बताउनु भयो । उहाँले स्थानीय तहबाटै योजना प्रस्ताव गर्ने प्रणालीलाई जनमुखी विकासको आधारका रूपमा व्याख्या गर्दै सबैको साझा सहभागिताले मात्रै गुणस्तरीय विकास सम्भव हुने उल्लेख गर्नु भयो ।

बैठकको अध्यक्षता गरिरहनु भएका कर्णाली प्रदेशसभा सदस्य वीरबहादुर शाहीले विगतमा हतार र लापरवाहीका कारण एउटै योजना फरक-फरक कार्यालयमा पर्ने, ठेगाना नमिल्ने जस्ता समस्या देखिएको उल्लेख गर्दै अब ती कमजोरी सच्याउन कार्यालय प्रमुखहरू जिम्मेवार बन्नुपर्ने बताउनु भयो । उहाँले साना टुक्रे योजनाभन्दा बहुवर्षीय तथा आर्थिक प्रभाव पार्ने योजनालाई प्राथमिकता दिन आग्रह गर्नु भयो ।

### सांसद् बुढाले ..... ... ....

दीर्घकालीन रूपान्तरण लक्ष्य राखिएको छ ।

प्रस्तावअनुसार ३३ किलोमिटर लामो ल्यासीक्याप-सिसौल सडकको ट्र्याक खोल्न ठूलो बजेट आवश्यक पर्ने औंल्याइएको छ । यससँगै दुनै-ल्यासीक्याप स्तरोन्नति, दुनै-डोल्पो सडक निर्माण, दुनै-जुफाल कालोपत्रे, जुफाल-त्रिपुरासुन्दरी-सुपानी विस्तार र त्रिपुरासुन्दरी-मुकुट-साल्दाङ सडक ट्र्याक खोल्ने योजना पनि अघि सारिएको छ । भेरी करिडोरका बाँकी खण्ड तीव्र गतिमा अघि बढाउने, आन्तरिक सडक सञ्जाल विस्तार र पुल निर्माणलाई समेत प्राथमिकता दिइएको छ ।

सडक मात्र होइन, प्रस्तावमा स्वास्थ्य, शिक्षा, ऊर्जा, खानेपानी, पर्यटन, कृषि, खेलकुद र सूचना प्रविधि क्षेत्रलाई समेत समेटिएको छ । जिल्ला अस्पताललाई विशेषज्ञ सेवासहित स्तरोन्नति गर्ने, माथिल्लो डोल्पामा सुविधा सम्पन्न अस्पताल स्थापना गर्ने, हिमाली स्टेडियम निर्माण लगायतका योजना छन् ।

## यौन हिंसाबाट बचौं र बचाऔं

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन् ,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# आर्थिक गतिविधि

पहिलो कुरा आर्थिक विकास हो । आर्थिक विकास बिना व्यक्ति, परिवार, समुदाय, बस्ति, पालिका, जिल्ला, प्रदेश र देशको विकास संभव छैन । समग्र विकासका लागि पहिलो कुरा आर्थिक विकास हो । आर्थिक विकासका लागि सही तरिकाले आर्थिक गतिविधि हुनु आवश्यक हुन्छ । आर्थिक गतिविधि भन्नाले हरेक व्यक्तिले आर्थिक उन्नतिका लागि गर्ने क्रियाकलाप हो । व्यक्ति व्यक्तिको आर्थिक क्रियाकलापले नै समग्र देशको विकासमा टेवा पुग्ने गर्दछ । समाजमा आर्थिक गतिविधि भन्नाले विभिन्न क्रियाकलापहरु पर्दछन् । साना तिना पेशा व्यवसायहरु देखि लिएर ठुला ठुला उद्योग धन्दा स्थापना गरेर गरिने उत्पादनहरु आर्थिक गतिविधि भित्र पर्दछन् । हाम्रो समुदायमा हरेक व्यक्तिले कुनै न कुनै आर्थिक क्रियाकलाप गरिरहेका हुन्छन् । समुदायका हरेक व्यक्तिहरुले आफ्नो आर्थिक उन्नयनका लागि गर्ने विभिन्न उत्पादनमुलक कार्य नै आर्थिक क्रियाकलापमा पर्दछन् ।

नेपालीहरुको मुख्य पेशा खेति किसानी बनेको छ । किसानी बनेका नेपालीहरुले नै देशको आर्थिक स्थिति धानेको देखिन्छ । घरमा बसेर कुनै न कुनै उत्पादन गरिरहेका नेपालीहरुले आफ्नो आर्थिक उन्नयनबाट उत्पादनमा पुर्‍याएको योगदानले देशको आर्थिक विकास हुने गरेको हुन्छ । नेपालीहरुले विभिन्न अन्न जातका बालीहरु, दाल बाली, तेलहन बाली, उखु लगायतका नगदे बालीको खेति, फलफूल खेति, पशु पंछि पालन गरेर आर्थिक विकास गरेको देखिन्छ । यी विभिन्न कृषि पेशाबाट पहिलो कुरा आफ्नो परिवार पाल्ने गरेको पाइन्छ । नेपालीहरुको पहिलो आर्थिक विकासको खम्बा कृषि पेशा नै रहेको देखिन्छ ।

नेपालीहरुले आफ्नो जीविकोपार्जनका लागि मात्रै भए पनि एक न एक पेश व्यवसाय गरिरहेका छन् । यही पेशा व्यवसायबाट हुने उत्पादनले नै देशको आर्थिक उन्नयनमा टेवा पुर्‍याएका हुन्छन् । पछिल्ला वर्षहरुमा वैदेशिक रोजगारीमा गएका नेपाली दाजुभाईहरुले पठाउने रेमिट्यान्सले पनि देशको आर्थिक अवस्था बढ्नमा टेवा पुर्‍याएको छ । तर देशमा हुँदा पेशा व्यवसाय गर्न लाज मान्ने विदेश गएर तल्लो स्तरका कामहरु पनि खुसि खुसि गर्ने चलन चलेको छ । तै पनि देशको आर्थिक विकासमा वैदेशिक रोजगारीले निकै ठुलो योगदान दिएको देखिन्छ ।

यसका साथ साथै नेपालीहरु व्यक्ति व्यक्तिले आ आफ्नो व्यक्तिगत आर्थिक विकासका लागि गरिने विभिन्न पेशा व्यवसाय संचालन गरेर त्यसबाट हुने उत्पादनबाट हुने आर्थिक आम्दानी गरे वापत सरकार लाई तिरेको करले देशका विभिन्न सरकारको आम्दानी हुने गरेको छ । यसका साथै विभिन्न उत्पादनशील चेतना भएका नागरिकहरुले गर्ने हरेक प्रकारका उत्पादनशील पेशा व्यवसायले उत्पादन बढाएर उ आफ्नो व्यक्तिगत आर्थिक विकास मात्र गरेको हुँदैन । उसले देशको आर्थिक विकासको बलियो खम्बा बनेर काम गर्दछ । त्यस कारण हरेक तहका सरकारले आफ्ना नागरिकहरुलाई आर्थिक विकासका लागि गर्ने पेशा व्यवसायमा टेवा पुर्‍याउने गरी पेशा व्यवसाय विकासका योजना बनाएर लागु गर्नु आवस्यक छ । चेतना भया ।

# आगो पिउनु पर्छ पूर्ण मानव बन्न

सुशीला शर्मा
गोरखापत्रबाट

यो धर्ती कमजोरका लागि होइन
भन्ने बुझ्न पनि तिमीले आगो छुनु पर्छ,
जब तिमीले जीवन नामको
पाठशालामा पाइला राख्छौ,
कोमलता र शीतलताको
ममताको छहारी छोडेपछि
थाहा हुन्छ आगोको ज्वाला,
नत्र त परबाट उज्यालो, न्यानो मात्र
देखिन्छ त्यो आगो,
जब विषम परिस्थितिमा पुग्छौ,
सुरु हुन्छ आगो पिलाउन
चिनेका अनुहारबाटै प्रायः,
केही शब्दमार्फत,
केहीका व्यवहारमार्फत,
केहीका असजिला हर्कतमार्फत,
तिमी नचाहेर नै पुग्छौ आगोका
फिलुङ्गा छुन,
अब दुख्यो भनेर उफ्रिन जब
थाल्छौ नि वरपरबाट आगोलाई
उग्र बनाउनेहरू कतै नाताका
कतै सम्बन्धका मुहारहरू पाउने छौ,
कतै जन्मजातदेखि चिनिएका त
कतै पछि जोडिएका पात्र पाउँछौ
साइनो, आफ्नो पाउन ज्यादै गाह्रो हुन्छ
त्यो अग्निज्वालाले पोलेको बखत
अब पूर्णतः एक्लिएर
आँसु सकाएर,
मौनता अँगालेर,
निर्जीव सरी ढल्छौ नि
खरानी बन्ने तरखरमा बलिरहेका
कोइलालाई साथी बनाएर,
अब तिनले पोल्न छोडेका हुन्छन्,
भन्दै गर्छन् हिजोसम्म
दाउराको आकृतिमा थिस् हामीभन्दा
अनौठो थिस र पो तँलाई दुख्यो
आज हामीभन्दा शान्त भइस्,
प्रिय मित्र हामी पनि तेरै अवस्था
कोमल, न्याउरो, आश्रित अन्यत्रबाट
आशा गर्ने पात्रबाट आगोमा
रूपान्तरण भएका हौं ।
त्यहीबिचबाट एउटा अनौठो अनुहार
देखा पर्छ,
चिनेका सबै हराएपछिको शून्यताको
गोरेटोमा,
सारै विनम्र अपरिचित मुहार वा पात्र,
त्यो आगोको लपेटाबाट मात्र देख्न सकिन्छ,
त्यो पुरिएको तातो वाफभित्रबाट
मात्र महसुस हुन्छ,
त्यो भोकको ज्वालामुखीबाट
मात्र महसुस हुन्छ,
त्यो धनी आफन्तको
महलमा शकुनी चालबाट चिथोरिएका
मुटुको धड्कनलाई मात्र थाहा हुन्छ,
जहाँ,
शकुनीहरू जाल बुनिरहन्छन्,
सिधा पाण्डवहरू कर्तव्यको नाममा
आफ्नै कुलवधूको अपमानलाई
विष सरी निर्वस्त्र निलिरहन्छन्,
एक एक सासको घुट्कोमा .....

# वर्ष सर्वोत्कृष्ट खेलाडी बनिन एरिका

रासस

काठमाडौं, चैत । टेबलटेनिसका स्यान्टु श्रेष्ठ र करातेकी एरिका गुरुङले २० औं एनएनआइपीए स्पोर्ट्स अवार्डअन्तर्गत सर्वोत्कृष्ट खेलाडीको अवार्ड जितेका छन् ।

नेपाल राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी सङ्घ (एनएनआइपीए) को आयोजना तथा स्थानीय आयोजकका रूपमा काभ्रेको बनेपा नगरपालिकासँगको समन्वयमा चण्डेश्वरी मन्दिर परिसरमा एक कार्यक्रमका बीच दुवैलाई उक्त अवार्डसहित जनही रु एक लाख नगदबाट पुरस्कृत गरिएको एनएनआइपीएले जनाएको छ ।

प्रतिभाशाली खेलाडी अवार्ड पुरुषतर्फ तेक्वान्दोका अभिषेक बराल र महिलातर्फ बक्सिङकी स्वस्तिका तिरुवा पुरस्कृत हुनु भयो । उहाँहरूलाई ट्रफीसहित जनही रु ५० हजार नगद पुरस्कार प्रदान गरिएको हो । गजराज जोशी आदर्श खेल व्यक्तित्व पुरस्कार भलिबल प्रशिक्षक कुमार राईले प्राप्त गर्दा फोटो पत्रकार उदिप्तसिंह क्षेत्री एनएनआइपीए खेल पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएको छ । दुवैले जनही रु ३५ हजार नगद पुरस्कार प्राप्त गर्नु भयो ।

वर्ष उत्कृष्ट पारा खेलाडीको अवार्ड एथलेटिक्सकी प्रभा आङडेम्बेले जित्नु भयो भने । प्रभाले रु १५ हजार नगद पुरस्कार पाउनु भयो । त्यसअघि विभिन्न २६ खेलका खेलाडीलाई वर्ष उत्कृष्ट खेलाडी-२०८२ बाट पुरस्कृत गरिएको थियो । पुरस्कृत हुनेमा एरिका गुरुङ (कराते), मीन कार्की (फेन्सिङ), तिलक पुन (आर्चरी), मौलिक महर्जन लगायतका खेलाडी छन् ।

# सत्ताको सार र प्रतिपक्ष

- नन्दु उप्रेती

....... (प्रतिपक्ष) लाई सम्बोधन गर्न नसकेको ठानिँदा लामो आन्दोलन भोग्नु पर्‍यो ।

नयाँ सरकारका चुनौती

रास्वपा एउटा ठुलो परीक्षणको सामना गरिरहेको छ । उसले कतिपय संसदीय व्यवहार, शैली र सिप सिक्न बाँकी नै छ । विगतमा रास्वपालाई कमजोर मूल्याङ्कन गरिरहेका प्रतिपक्षी दलहरू अब संसद्को रोस्ट्रममा उभिएर कत्तिको सन्तुलित व्यवहार प्रस्तुत गर्छन्, त्यो पनि हेर्न बाँकी छ । सन्तुलित एवं प्रभावकारी प्रतिपक्षको भूमिकाका लागि कांग्रेस, एमाले, नेकपा जस्ता दलहरूले सरकारको हरेक कदमको विरोध मात्र नगरी बौद्धिकतापूर्वक नीतिगत र प्राविधिक त्रुटि औँल्याउनु पर्छ । सरकारको कामकारबाहीको निगरानी गर्न संसदीय समितिहरूलाई प्रभावकारी बनाउन सक्नु पर्छ । प्रतिपक्षले सकेसम्म सडक आन्दोलनको विकल्प खोज्दै, सदनभित्रै समस्या समाधान गर्ने प्रयास गर्नु पर्छ । सत्तापक्ष नदेख्ने र नसुन्ने भएमा मात्र सडकमा ओर्लने नीति अवलम्बन गर्नु राम्रो हुन्छ । प्रतिपक्षले राष्ट्र, जनता र न्यायका पक्षमा सदन र सडकलाई सन्तुलित ढङ्गले उपयोग गर्न आवश्यक हुन्छ ।

रास्वपा 'स्वतन्त्र व्यक्तिहरूको गठजोड' जस्तो देखिन्छ । यसले पार्टीभित्र आन्तरिक लोकतन्त्र कसरी स्थापित गर्छ ? नीति निर्माण गर्दा वैचारिक धरातल के हुने छ ? जस्ता प्रश्न छन् । पार्टीमा प्रवेश गरेका पूर्ववैचारिक पृष्ठभूमि भएका कार्यकर्ताले विगतको सैद्धान्तिक निष्ठा र नयाँ उदारवादी सोचबिच सन्तुलन कसरी मिलाउलान् ? लोकप्रियतावादको धरातलमा स्थापित राजनीतिक पार्टीले अब यथार्थ धरातलमा उभिन सक्ने बन्न निकै गहकिलो कसरत गर्नुपर्ने अवस्था छ । विगतको जस्तै केवल लोकप्रियताको बाटो मात्रै अवलम्बन गने हो भने परिपक्व पार्टी निर्माण गर्न सकिँदैन । साथै भदौ २३ र २४ गतेका घटनाबाट पीडित राज्य र जनता दुवै पक्षलाई न्याय दिन सत्तापक्ष आग्रह पूवाग्रहको भुँवरीमा फस्नु हुँदैन ।

वैदेशिक सम्बन्ध

नेपाल जस्तो भूराजनीतिक रूपमा संवेदनशील मुलुकलाई सत्तापक्षले देशभित्रका समस्या मात्र सम्बोधन गरेर पुग्दैन । वैदेशिक एवं कूटनीतिक क्षेत्रमा अत्यन्त सन्तुलित व्यवहार प्रस्तुत गर्नु पर्छ । भारत र चीनबिच रहेको नेपालको परराष्ट्र नीति 'सार्क' र 'बिम्स्टेक' जस्ता बहुपक्षीय मञ्चहरूमा पनि परीक्षण हुन्छ । रास्वपाको नेतृत्वले अर्थात् सत्तापक्षले अहिंसा, शान्तिपूर्ण सहअस्तित्व र पारस्परिक सम्मानमा आधारित पञ्चशीलको सिद्धान्त अवलम्बन गर्नु पर्छ । कुनै पनि अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता गर्दा राष्ट्रिय हित सर्वोपरि राख्नु पर्छ । लगानी र विकास साझेदारीका सन्दर्भमा विदेशी लगानी भित्र्याउँदा पारदर्शिता अपनाउनु पर्छ । प्रतिपक्षको भूमिका यहाँ पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यदि सरकारले कुनै कूटनीतिक भूल गरेमा प्रतिपक्षले राष्ट्रिय सुरक्षाको प्रश्नमा कडा रूपमा प्रस्तुत हुनु पर्छ ।

लोकतन्त्रको परिपक्वता

२०८२ फागुन २१ को निर्वाचन परिणाम लोकतन्त्रका लागि एउटा विन्दु हुन सक्छ । झन्डै दुई तिहाइ सिट प्राप्त रास्वपासँग देशको नियति परिवर्तन गर्ने ऐतिहासिक अवसर छ तर ठुलो बहुमतले कहिलेकाहीँ अहङ्कार पनि जन्माउन सक्छ । इतिहासले देखाएको छ, बहुमतको ..... (गोपबाट)





युवाहरुलाई लागु औषधको कुलतबाट बचाउन जरुरी छ ।

# पाँच लाखले एसईई दिइरहेका छन्

सुस्केरा समाचारदाता

डोल्पा, चैत । यो वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) बिहिवारदेखि देशभर एकै साथ सुरु भएको छ ।

बिहिवारदेखि सुरु भएको परीक्षामा १ हजार ९ सय ६६ परीक्षा केन्द्रमा शान्तिपूर्ण रुपमा भैरहेको छ । बिहीबार पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षाबाट एसईइए परीक्षा सुरु भएको हो ।

परीक्षा यही चैत २९ गतेसम्म हुने छ । परीक्षामा पाँच लाख १२ हजार ४ सय २१ जना सहभागी छन् । जापानको एक परीक्षा केन्द्रमा २३ जना सहभागी भएका छन् । परीक्षामा नियमिततर्फ चार लाख ४१ हजार ५ सय ६६ जना र ग्रेडवृद्धितर्फ ७० हजार ८ सय ५५ जना सहभागी छन् ।

तीन घण्टाको परीक्षामा अतिरिक्त समय आवश्यक पर्ने अपाङ्गता भएकाहरुलाई थप एक घण्टा ३० मिनेटको व्यवस्था गरिएको छ । त्यसै गरी, उनीहरुलाई लेखन सहयोगीका रूपमा कक्षा ९ सम्म अध्ययन गरेकालाई अनुमति दिइएको छ ।

नेपालको माध्यमिक शिक्षा परीक्षा (एसईई) बिहिवारदेखि देशभर एकैसाथ सुरु भएको हो । परीक्षाको पहिलो दिन बिहिवार अनिवार्य अङ्ग्रेजी विषय को परीक्षा सञ्चालन भएको छ । परीक्षालाई व्यवस्थित र उत्तरपुस्तिका परीक्षणलाई छिटोछरितो बनाई शीघ्र नतिजा प्रकाशन गर्न नयाँ निर्देशिका जारी भएपछि परीक्षामा हुन सक्ने अनियमितता न्यून हुने अपेक्षा गरिएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको परीक्षालाई विगतको तुलनामा थप व्यवस्थित, प्रविधिमैत्री र नतिजामुखी बनाउन विशेष रणनीतिक योजना अघि सारेको जनाएको छ । यस वर्षको एसईईमा 'उत्तरपुस्तिका परी क्षणको विकेन्द्रीकरण' र 'नतिजामा तीव्रता' अभ्यास गर्न लागेको जनाइएको छ ।

## सामान्य ज्ञान २९

१. आइसिसी पुरुष टी-२० विश्वकप २०२६ को उपाधि जित्ने राष्ट्र कुन हो ?

☐ भारत (उपविजेता : न्युजिल्यान्ड)

- सन् २०२६ मार्च ८ मा भएको फाइनलमा न्युजिल्यान्डविरुद्ध ९६ रनको सहज जित निकाल्दै आयोजक भारतले आइसिसी पुरुष टी- २० विश्वकपको उपाधि जितेको हो ।
- भारत लगातार दोस्रो तथा समग्रमा तेस्रो पटक च्याम्पियन बनेको छ । यससँगै भारत उपाधि रक्षा गर्ने तथा घरेलु मैदानमा च्याम्पियन बन्ने पहिलो राष्ट्र भएको छ । भारतले सन् २००७ र २०२४ मा विश्वकप जितेको थियो । भारत तेस्रो पटक उपाधि जित्ने एक्लो टोली हो ।
- अहमदाबादस्थित नरेन्द्र मोदी रङ्गशालामा भारतले प्रस्तुत गरेको २५६ रनको लक्ष्य पछ्याउने क्रममा न्युजिल्यान्ड १९ ओभरमा १५९ रनमा समेटिएको छ ।

खेल सञ्चालन मिति : सन् २०२६ फेब्रुअरी ७ - मार्च ८
आयोजक राष्ट्र : भारत र श्रीलङ्का
सहभागी राष्ट्र : २०
जम्मा खेल : ५५
प्लेयर अफ द सिरिज : सन्जु स्याम्सन (भारत)
सर्वाधिक रन : साहिबजादा फरहान (३८३ रन, पाकिस्तान)
सर्वाधिक विकेट : जसप्रित बुम्राह र बरुण चक्रवर्ती (समान १४ विकेट, भारत)

# पर्यटन विकासमा आशा

- गोविन्द मरासिनी

प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपाल सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीय विविधताले समेत पर्यटनमा सम्भावना बोकेको देश हो । विश्वकै उत्कृष्ट तालहरू, हिमाल, धार्मिक तथा ऐतिहासिक सम्पदा मात्र होइन, कृषि पर्यटन, साहसिक पर्यटन र खेल पर्यटनले पनि नेपालको पर्यटन विकासमा महत्वपूर्ण टेवा पुऱ्याइरहेका छन् । मन्दिर, चैत्य, विहार, परम्परागत ठाँटीहरूले उत्तिकै पर्यटनमा सुगन्ध थपेको छ । दिनहुँजसो मनाइने फरक फरक जातजातिका पर्व, संस्कार र रीतिरिवाजले नेपाल लाई विश्वमाझ चिनाउन थप सहज भएको छ ।

नेपालमा पटक पटक भइरहने सरकार परिवर्तन, चरम भ्रष्टाचार, राजनीतिक अस्थिरता, राज्यका तीन तहका सरकारबिच समन्वयको अभाव, पर्यटनसँग सम्बन्धित निकायमा विज्ञ र योग्यभन्दा पनि राजनीतिक भर्ती केन्द्रका रूपमा स्थापित गराउनुले पनि अन्य क्षेत्रमा जस्तै पर्यटन क्षेत्रमा पनि उल्लेखनीय प्रगति हुन सकेको छैन् । विसं २०७२ को महाभूकम्पले तहसनहस पारेको पर्यटन बजारलाई २०७६ सालमा विश्वभर नै महामारीको रूपमा फैलिएको कोरोना सङ्क्रमणले शून्यको अवस्थामा पुऱ्यायो । कोरोना सङ्क्रमणपछि फस्टाउँदै गरेको पर्यटन बजारलाई गत भदौ २३ र २४ को जेनजी आन्दोलनले पुनः एक पटक ठूलो असर गऱ्यो ।

यसअघिका सरकारले पनि पर्यटन क्षेत्र सुधारको प्रयास नगरेका भने होइनन् । यस पटक झन्डै दुईतिहाइ सिट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गत फागुन २१ को विशेष निर्वाचनमा प्राप्त गऱ्यो । रास्वपाका बरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री भएसँगै पर्यटन क्षेत्रमा सकारात्मक सुधार हुने अपेक्षा गरिएको छ । यसअघि एकलौटी सरकार स्थापना हुन नसक्दा आसलाग्दा काम गर्न कठिनाइ हुने व्यवस्थाको अन्त्य भएको छ । यसले पर्यटन क्षेत्रमा पनि उल्लेखनीय सुधार हुने धेरैको विश्वास छ । नवनिर्वाचित प्रधानमन्त्री बालेन्द्र शाहले काठमाडौँ महानगरपालिकाको प्रमुख हुँदा काठमाडौँ उपत्यकाको संस्कृति र रीतिरिवाजको संरक्षणमा गर्नुभएको कार्यले पनि देशभरको पर्यटनको क्षेत्र थप चलायमान हुने आशा गर्न सकिन्छ । महानगर प्रमुख रहँदा काठमाडौँको परम्परागत संस्कृति झल्कने विविध पूर्वाधार निर्माण र विभिन्न जात्रा पर्वलाई अन्तर्राष्ट्रियस्तरमा परिचित गराई पर्यटन प्रवर्धन गर्ने कार्यमा उहाँ अग्रसर हुनुभयो । प्रधानमन्त्री बालेन्द्र शाहले आफ्नो शपथ कार्यक्रममा शङ्खनादसँगै १०८ जना वटुकले स्वस्ति-शान्ति वाचन र १०८ बौद्ध भिक्षु लामाले शुभ-मङ्गल पाठ गरेका थिए । यसले सनातन परम्पराको प्रवर्धनमा टेवा पुगेको छ । शपथ ग्रहण समारोहमै सेफ सन्तोष शाहको समन्वयनमा गरिएको मिथिला चित्रकलाले पनि मिथिलाको कला र संस्कृतिलाई झल्काएको थियो ।

प्राथमिकतामा पर्यटन

नवगठित सरकारको गत चैत १३ गते बसेको मन्त्रीपरिषद् बैठकले स्वीकृत गरेको सयबुँदे कार्यसूचीमा निजी क्षेत्रको प्रवर्धन तथा पूर्वाधार विकासमार्फत पर्यटन उद्योगलाई बलियो बनाउने लक्ष्य रहेको छ, जसमा पर्यटन क्षेत्रका राष्ट्रिय गौरवका आयोजना र लगानी बोर्डमा दर्ता भएका ठूला पर्यटकीय परियोजनाको लगानीको ढाँचा अनिवार्य रूपमा निर्धारण गर्ने भनिएको छ । पर्यटन क्षेत्रमा लगानी गर्न चाहने स्वदेशी तथा वैदेशिक लगानीकर्तालाई झन्झटमुक्त सेवा दिन लगानी बोर्ड नेपाल अन्तर्गत आगामी एक महिनाभित्रै 'एकद्वार स्वीकृति प्रणाली' स्थापना गरी सञ्चालनमा ल्याउने नयाँ सरकारको प्राथमिकता छ, जसले ठूला होटेल, रिसोर्ट र साहसिक पर्यटनमा आउने लगानीलाई निर्धारित समयावधिभित्रै स्वीकृति दिने, सुनिश्चित गर्न सहयोग गर्ने छ । यो कार्य पूर्ण रूपमा डिजिटल, पारदर्शी र 'ट्र्याकिङयोग्य' हुने छ । यस कार्यबाट पर्यटन व्यवसायीले सरकारी कार्यालय धाउनुपर्ने र बिचौलियाको सहारा लिनुपर्ने बाध्यता अन्त्य गर्न सघाउने छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले आफ्नो चुनावी भाषणमा समेटिएका पर्यटकीय सम्भाव्य क्षेत्रको व्यवस्थित पर्यटनबारे अध्ययन गरिने विषयलाई पनि सरकारका सय कार्यसूचीमा समेटिएको छ । सरकारले उदयपुर (कोशी नदी आसपास), अछाम (रामारोशन), बाजुराको सुन्दर बडिमालिका, अपी हिमाल ट्रेकिङ रुट, दोर्दी हिमाल ट्रेकिङ रुटलगायतका क्षेत्रमा व्यवस्थित पर्यटनका लागि आवश्यक अध्ययन गरी एक महिनाभित्र कार्यान्वयन योग्य खाका प्रस्तुत गर्ने निर्णयसमेत गरेको छ । नेपाललाई आरोग्य पर्यटन (पूर्वीय दर्शन, ध्यान, योग, प्राकृतिक चिकित्सालगायत) को हब बनाउन १५ दिनभित्र आरोग्य पर्यटन रणनीति जारी गर्ने विषय कार्यसूचीमा प्राथमिकताम तोकिएको छ । नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घले अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने निर्णय गरेकोमा उक्त प्रस्तावमा मतदान गर्ने सबै सदस्य राष्ट्रलाई धन्यवाद ज्ञापन गर्नेसमेत निर्णय भएको छ । सरकारले आरोग्य पर्यटनलाई आर्थिक रूपान्तरणको राष्ट्रिय कार्यसूचीको रूपमा लिई नेपाल वेलनेस इयर-२०२७ मनाउन अन्तर निकाय समन्वय संयन्त्र बनाउने पनि उल्लेख गरेको छ । यसै गरी नेपालको पर्यटन क्षेत्रलाई सुदृढ र प्रतिस्पर्धी बनाउने उद्देश्यले राष्ट्रिय स्वतन्त्र पार्टी केन्द्रीय पर्यटन विभागले समेत पर्यटन क्षेत्र आबद्ध सरोकारवालाबिच विस्तृत छलफलको समेत सुरुवात गरिसकेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय पर्यटन विभागका प्रमुख एवं पर्यटन व्यवसायी सुमन पाण्डेले पर्यटनमन्त्री खड्कराज पौडेलसहित पर्यटन क्षेत्र आबद्ध सरोकारवालाबिच पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई कसरी पूर्ण रूपमा सञ्चालनमा ल्याउने र पर्यटन क्षेत्रलाई थप मजबुत बनाउने विषयमा छलफल भएको छ ।

अबका अपेक्षा

नेपालको पर्यटन क्षेत्रलाई दिगो, प्रतिस्पर्धी र उच्च आयआर्जन गर्ने बनाउन नयाँ सरकारले विविध बहुआयामिक काम गर्नु अपरिहार्य देखिन्छ, जसमा पूर्वाधार विकास अन्तर्गत अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलको स्तरोन्नति, सडक, यातायात, ट्रेकिङ रुट र ग्रामीण पहुँच सुधार, स्वच्छ पानी, बिजुली, इन्टरनेट जस्ता आधारभूत सेवाको विस्तार गर्नुपर्ने देखिन्छ । युरोपेली सङ्घ (इयु) द्वारा कालोसूचीमा रहेको नेपालको हवाई क्षेत्रलाई कालोसूचीबाट हटाउनका लागि पनि यो सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्ने छ । यो विषय रास्वपासहित देशका मुख्य राजनीतिक दलका घोषणापत्रमा समेत समावेश गरिएको थियो । नेपालको गहनाका रूपमा रहेका संस्कृतिक, धार्मिक रीतिरिवाज, लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथलगायत ऐतिहासिक धार्मिक स्थलहरूको प्रवर्धन गर्दै होमस्टे, इको-टुरिज्म, वेलनेस टुरिज्म (योग/ध्यान) विस्तार गर्दा मुलुकको पर्यटनमा टेवा पुग्ने छ । नेपालमा भएका कतिपय पर्यटकीय स्थानको बारेमा अन्तर्राष्ट्रिय क्षेत्रमा हालसम्म पनि प्रचारप्रसार हुन सकेका छैनन् । त्यसका लागि विभिन्न सामाजिक सञ्जाल, वेबसाइट, भिडियोबाट प्रचारप्रसारका साथै 'भिजिट नेपाल' जस्ता अभियानलाई जोड दिंदै अन्तर्राष्ट्रिय पर्यटन मेलाहरूमा सक्रिय सहभागिता जनाउनु पर्छ । .(गोपबाट)


## डोल्पा सत्कार वाईन उद्योगको सार्वजनिक सुनुवाई हुने

उपरोक्त सम्बन्धमा यस डोल्पा सत्कार वाईन उद्योग प्रा.लि. त्रिपुरासुन्दरी न.पा. वडा नं. ४ रंग डोल्पा कर्णाली प्रदेशमा निर्माण गर्न लागेको डोल्पा सत्कार वाईन उद्योगको प्रारम्भिक वातावरणीय अध्ययन (**IEE**) निर्माण निमित्त वातावरण संरक्षण संरक्षण नियमावली २०७७ नियम ३ अनुसूची २ मा उल्लेख भए अनुसार तपशीलको समय, मिति र स्थानमा स्थानीय सरोकारवालाहरुबाट राय सुझावहरु संकलन गरी वातावरणीय अध्ययन प्रतिवेदनमा समावेश गर्न सार्वजनिक सुनुवाई को आयोजना गरिएको हुँदा सम्पूर्ण स्थानीय सरोकारवालाहरुमा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

तपशील

सार्वजनिक सुनुवाई

स्थानः त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ४ रंग स्थित डोल्पो डिस्टिलरी उद्योगमा

मितिः २०८२।१२।२८

समयः दिउसो १:०० बजे

बदमी क्वारा बोहोरा

आयोजना प्रोपराइटर

# कम्युनिष्ट आन्दोलनमा वैचारिक पुनर्जागरण जरुरी

- टेकराज पौडेल

अबको समय केवल पार्टीभित्रको सामान्य सुधारको होइन, एउटा गहिरो वैचारिक पुनर्जागरणको माग गरिरहेको छ । कम्युनिस्ट आन्दोलनको इतिहास हेर्दा स्पष्ट देखिन्छ- यो आन्दोलन व्यक्तिको महत्वाकांक्षाबाट होइन, वर्गीय चेतना, त्याग र श्रमबाट निर्माण भएको हो । तर आजको यथार्थले प्रश्न उठाएको छ- के हामी अझै त्यही मूल बाटोमा छौं, वा सत्ताको मोहले बाटो बिराएका छौं ?

मेरो दृष्टिकोणमा, पार्टी निर्माणको नयाँ सुरुवात 'सत्ता केन्द्रित राजनीति'को अन्त्य र 'सेवा केन्द्रित राजनीति'को पुनर्स्थापनाबाट हुनुपर्छ । मार्क्सवादी दर्शनले राजनीतिलाई वर्ग संघर्षको औजार मान्छ, जहाँ श्रमजीवी वर्गको मुक्ति नै अन्तिम लक्ष्य हुन्छ। तर जब त्यही पार्टीभित्र गुट, सड्यन्त्र र व्यक्तिगत स्वार्थ हावी हुन्छ, त्यतिबेला त्यो आन्दोलन आफ्नो मूल चरित्रबाट विचलित हुन्छ । त्यसैले अबको पहिलो आवश्यकता-आन्दोलनलाई पुनः वैचारिक शुद्धतामा फर्काउनु हो ।

इतिहासलाई निष्पक्ष रूपमा लेख्नु पनि क्रान्तिकारी काम हो । पार्टी निर्माणमा जीवन अर्पण गर्ने, जेलनेल सहने, आफ्नो परिवार र व्यक्तिगत सुख त्याग्ने कार्यकर्ताहरूलाई स्वर्णिम अक्षरमा लेख्नुपर्छ । उनीहरू नै आन्दोलनका वास्तविक नायक हुन् । यसको विपरीत, सत्तामा पुग्नका लागि षड्यन्त्र गर्ने, संगठनलाई निजी स्वार्थका लागि प्रयोग गर्ने र अस्वाभाविक रूपमा सम्पत्ति आर्जन गर्नेहरूलाई इतिहासले कठोर रूपमा मूल्यांकन गर्नुपर्छ। यो केवल नैतिकताको प्रश्न होइन, आन्दोलनको भविष्यसँग जोडिएको विषय हो ।

राजनीतिलाई 'पद प्राप्ति'को माध्यम होइन, 'समाज परिवर्तन'को अभियानका रूपमा बुझ्नुपर्ने बेला आएको छ । मन्त्री, सांसद, मेयर बन्ने चाहना स्वाभाविक हुन सक्छ, तर यदि त्यो चाहनाले विचारलाई ओझेलमा पार्छ भने त्यो खतरनाक हुन्छ ।

राजनीतिलाई 'पद प्राप्ति'को माध्यम होइन, 'समाज परिवर्तन'को अभियानका रूपमा बुझ्नुपर्ने बेला आएको छ । मन्त्री, सांसद, मेयर बन्ने चाहना स्वाभाविक हुन सक्छ, तर यदि त्यो चाहनाले विचारलाई ओझेलमा पार्छ भने त्यो खतरनाक हुन्छ । राज्यसत्ता मार्क्सवादी दृष्टिमा केवल साधन हो- अन्तिम लक्ष्य होइन । यदि हामीले सत्तालाई लक्ष्य बनायौं भने, हामी अनिवार्य रूपमा वर्गीय विचलनतर्फ जानेछौं ।

अर्को महत्वपूर्ण प्रश्न- नेतृत्वको पुस्तान्तरण हो । ५० वर्षभन्दा माथिका नेताहरूले अब सक्रिय कमाण्डबाट क्रमशः बाहिरिएर नयाँ पुस्तालाई अवसर दिनुपर्छ । यो कुनै अपमान होइन, बरु ऐतिहासिक जिम्मेवारी हो । विगतमा पनि युवा नेतृत्वले नै आन्दोलनलाई उचाइमा पुर्‍याएको थियो । आजको पुस्तालाई दोष दिनुभन्दा, अवसर नदिएकोमा आत्मालोचना गर्नु जरुरी छ । तर केवल उमेर कम हुनु नै पर्याप्त छैन । नयाँ पुस्ता वैचारिक रूपमा स्पष्ट, नैतिक रूपमा दृढ र प्रविधिमा सक्षम हुनुपर्छ । आजको विश्वमा डिजिटल चेतना, सूचना प्रवाह र सामाजिक उत्तरदायित्व नयाँ राजनीतिक शक्तिका आधार बनेका छन् । त्यसैले पार्टीले नयाँ पुस्तालाई केवल नारामा होइन, व्यवहारमा पनि प्रशिक्षण दिनुपर्छ- सेवा, पारदर्शिता र आत्मनिर्भरता सिकाउनुपर्छ ।

पार्टीभित्र देखिएको सबैभन्दा ठूलो समस्या अवसरको असमान वितरण हो । केही व्यक्तिहरू बारम्बार सत्तामा पुग्ने, जबकी हजारौं कार्यकर्ताहरू सधै पर्खाइमा रहने अवस्था अन्यायपूर्ण मात्र होइन, खतरनाक पनि हो । यसले पार्टीभित्र नयाँ किसिमको 'अभिजात वर्ग' जन्माउँछ, जसले संगठनलाई आफ्नो नियन्त्रणमा राख्छ । यस्तो प्रवृत्तिले अन्ततः जनविश्वास कमजोर बनाउँछ । यही कारणले आज धेरै इमानदार कार्यकर्ताहरू निराश छन् । उनीहरू, जसले आफ्नो जीवनको महत्वपूर्ण समय पार्टीका लागि खर्च गरे, आज आफूलाई उपेक्षित महसुस गरिरहेका छन् । केहीले राजनीति नै छोडेका छन्, केहीले मौन विरोध जनाइरहेका छन्। यो अवस्था कुनै पनि क्रान्तिकारी आन्दोलनका लागि घातक संकेत हो ।

जनताले पनि अब विकल्प खोज्न थालेका छन् । उनीहरूको असन्तुष्टि केवल कुनै एक पार्टीप्रति होइन, समग्र राजनीतिक संस्कृतिप्रति हो । जब पुराना शक्तिहरूले अपेक्षा पूरा गर्न सक्दैनन्, नयाँ शक्तिहरूको उदय स्वाभाविक हुन्छ ।

जनताले पनि अब विकल्प खोज्न थालेका छन् । उनीहरूको असन्तुष्टि केवल कुनै एक पार्टीप्रति होइन, समग्र राजनीतिक संस्कृतिप्रति हो । जब पुराना शक्तिहरूले अपेक्षा पूरा गर्न सक्दैनन्, नयाँ शक्तिहरूको उदय स्वाभाविक हुन्छ । यो परिवर्तनलाई रोक्न सकिँदैन, तर सही दिशामा मोड्न सकिन्छ- यदि पुराना शक्तिहरूले आत्मसमीक्षा गर्न सक्ने साहस देखाए भने ।

अबको बाटो स्पष्ट छ- पार्टीलाई पुनः श्रम, त्याग र सेवाको आधारमा पुनर्निर्माण गर्नुपर्छ । नेतृत्वमा त्यस्ता मानिसहरू आउनुपर्छ, जसले विपन्न जनताको साथ दिएका छन्, जसले समाजमा श्रम गरेका छन्, जसले व्यक्तिगत लाभभन्दा सामूहिक हितलाई प्राथमिकता दिएका छन् । जब पार्टी फेरि यस्ता मूल्यमा आधारित हुन्छ, तब मात्र जनताको विश्वास फर्किन्छ । राजनीति फेरि सम्मानजनक बन्छ । र तब मात्र सत्तामा पुगे पनि त्यो सत्ता जनताको सेवामा प्रयोग हुन्छ, न कि व्यक्तिगत स्वार्थमा । (साभारः दैनिकनेपाल)



## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

## शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
- अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

काइके गाउँपालिका, डोल्पा

# पर्यावरण जगेर्नाको ज्ञान

- पुजा शर्मा

...... प्रकृतिहरूको निर्भरतामा रहेका छन् अर्थात् कोही कतै निरपेक्ष छैनन् । पर्यावरणको सहयोगबिना जीवन दुर्लभ मात्र होइन अपितु असम्भव छ । यी प्राकृतिक सम्पदाहरूको महत्व र संरक्षणका लागि श्रुतिहरूले आरम्भदेखि नै निर्देशन दिन आरम्भ गरिसकेका थिए ।

पूर्वीय सनातन परम्पाराको चारै वेद, उपवेद, ब्राह्मणग्रन्थ, संहिता, पुराणलगायत हाम्रा धार्मिक सूक्त, दार्शनिक सूक्त र लौकिक सूक्तहरूमा भूमि संरक्षण, जल संरक्षण, वर्षाको जलको महत्व, वृक्ष वनस्पति संरक्षण आदिको चर्चा, परिचर्चा गरिएका पाइन्छन् । यजुर्वेद (१६/१७-२०) अनुसार, प्रकृति पूजनीय छ, उपभोग्य मात्र होइन । वृक्ष, वन र औषधी मानव जीवनका संरक्षक हुन्, तिनीहरूप्रति कृतज्ञता र संरक्षणको भाव आवश्यक छ । वेद र वैदिक सूक्तहरूले परोक्ष रूपमा मानिसलाई पर्यावरणको संरक्षणको निर्देशन प्रदान गरेका छन् । विभिन्न उपनिषद्मा पनि पर्यावरण समृद्धिको कामना गरिएका छन् । वैदिक कालसम्म पर्यावरणको उचित सम्मान हुँदै आयो । पर्यावरणको संरक्षण हेतु पुराणकारहरूले सुन्दर कथात्मक सम्मत शैली अपनाए । पौराणिक कालमा प्रकृतिसँग अनुचित छेडछाड रोक्न विभिन्न प्राकृतिक सम्पदाहरूमा देवत्वको रहस्य विद्यमान रहेको कुरा उद्घाटन गर्दै उनीहरूको पूजन मात्र होइन, अपितु संरक्षणको पनि निर्देश गरियो । बेल, पिपल, वर आदि रुखलाई विष्णु, शिव भगवान् आदिको रूप बताइयो र यिनलाई काट्न हुन्न भन्ने ज्ञान प्रदान गरियो ।

श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले मानिस, नदी, सागर, पर्वत, जमिनलगायत जगत्का चराचर प्राणीहरूलाई आफ्नो विभूतिमा राख्दै आफ्नो विराट स्वरूपमा समाहित रहेको बताउनुभएको छ । मानिस वनस्पतिहरूको फूल, फल, लहरा आदि भागको समुचित उपभोग गर्थे, तर पछि गएर यो सम्मान-भावमा ह्रास हुन थाल्यो । मानिसको लोभ बढ्दै गयो र ऊ प्राकृतिक स्रोतहरूको अनुचित दोहन गर्न अभ्यस्त हुन् थाल्यो ।

हाम्रा धार्मिक पूजा, अनुष्ठान आदि कार्यमा पात, फल, फूल, लहरा, समिधा (काठ) आदिलाई प्रिय पूज्य सामग्री हुन् भनी बताइएको पाइन्छ । श्री गणेशपुराणमा भगवान् श्रीगणेशले सुमेरु पर्वत र नदी नालाहरू, पाताल आदिलाई आफ्नो विराट रूपको अङ्ग बताएका छन् । गोवर्धन पर्वतलाई श्रीकृष्ण, कैलाश पर्वतलाई भगवान् शिव तथा विन्ध्याचल आदि पर्वतहरूलाई भगवती आदि शक्तिको निवास स्थान अथवा स्वरूप बताइएको छ । धर्तीको उत्तर दिशामा अवस्थित कैलाश पर्वतलाई सभ्यताको उत्पत्तिको केन्द्रविन्दु मानिएको छ । तिब्बतमा पर्ने कैलास पर्वत मानसरोवर ताल र राक्षस तालको समीपमा अवस्थित रहेको छ र यसै उद्गम स्थलबाट एसिया महाद्वीपका प्रमुख नदीहरू सिन्धु, सतलज, ब्रह्मपुत्र र कर्णाली बगेका छन् । हाम्रो पूर्वीय परम्परामा कैलाश पर्वतलाई हिन्दु, बौद्ध, जैन र बोन गरी चारै धर्मको पवित्र पर्वत मानिन्छ र तीर्थाटन गरिन्छ । यसरी पर्वत र नदीको मुहानको पूजा, आराधना गरी पर्यावरणको महत्व स्थापना गर्ने कार्य अनादि कालदेखि नै रहेको उदाहरण यसबाट प्रष्ट हुन्छ ।

नेपाल, भारतका अनेकौं नदीलाई देवलोकको बहुमूल्य सम्पदा घोषित गर्दै धरतीमा यिनको आगमनलाई भगीरथ आदि राजर्षिहरू र गौतम आदि ऋषिहरूको कठोर तपस्याको प्रतिफल बताइएको छ । नेपाल, भारतको धर्तीमा अवस्थित नदी किनारमा नाना प्रकारका तीर्थको स्थापना गरिएका छन् र यिनले समग्रमा सनातन धार्मिक, आध्यात्मिक महत्वको अलावा पर्यावरणप्रतिको सचेतना र ज्ञानको विस्तार गरेको बोध हुन्छ ।

अर्को तर्फ, पुराणहरूले साम नीति (सुमधुर नीति) को आश्रय लिएर मानिसहरूलाई यी प्राकृतिक सम्पदाहरूको महत्व बुझाए र यिनको दुरुपयोग रोक्न प्रयास गरेको भेटिन्छ । पछि गएर लौकिक संस्कृत साहित्यले पनि पुराणको मनसायको अनुमोदन गर्‍यो । महाकवि कालिदासले पञ्चधा प्रकृतिहरू अर्थात् पृथ्वी, जल, तेज, वायु, आकाशमा सूर्य, चन्द्रमा र यज्ञकर्तालाई पनि जोडेर यिनलाई भगवान् शिवको प्रत्यक्ष अष्टमूर्ति भनेर सम्मानयोग्य घोषित गरे । उनले सूर्यवंशी राजा दिलीपबाट नन्दिनीको सेवा गराएर गोमाताको महत्व स्थापित गरे र मुनिकन्याद्वारा रुखहरूमा पानी हाल्ने विधि बताउँदै मृग वृक्ष र लताहरू आदिसँग मानवीय सम्बन्धहरूको मार्मिक चित्रण गरे । गोस्वामी तुलसीदासले तुलसीलाई सज्जनताको प्रतीक घोषणा गरे र रामराज्यमा नागरिकद्वारा मात्र नभई मुनिजनद्वारा पनि तुलसीका बिरुवा रोपिएको उल्लेख गरेका छन् । उनले अयोध्यामा मात्र होइन अपितु रावणको लङ्कामा पनि अति मनोहर वन, बगैँचा, उपवन र बाटिका' को चित्रण गरेका छन् । साभारः गोरखापत्रअनलाइन

## युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्यि सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्यि मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

त्रिपुरासुनदरी नगरपालिका, डोल्पा

## महत्वपूर्ण जानकारी

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं ।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं ।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं ।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं ।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं । अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं ।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं ।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझि राखौं ।

शरद लामा
कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा

## डढेलोबाट जोगिऔं र जोगाऔं ।

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ

डढेलोबाट जोगिन

- जथाभावीरुपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरुपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

# अनुभूत हुने सुशासनको अपेक्षा

- हेमराज कार्की

सुशासनको आधार नै पारदर्शिता र उत्तरदायित्व हो। जब राज्यका विभिन्न निकायभित्र लुकेका अनियमितता, भ्रष्टाचार र ढोंगी प्रवृत्तिको उजागर कडा कानुनी प्रक्रियामार्फत गरिन्छ, तब मात्र नागरिकले न्याय र शासनप्रति विश्वास गर्न थाल्छन् ।

नेपालको लोकतान्त्रिक यात्रा कुनै साधारण राजनीतिक परिवर्तनको परिणाम होइन, यो दीर्घकालीन जनसंघर्ष, त्याग र बलिदानको ऐतिहासिक उपलब्धि हो। यही पृष्ठभूमिमा उभिएको वर्तमान राज( नीतिक संरचनाले जनताको आशा, आकांक्षा र अपेक्षालाई केन्द्रमा राख्नुपर्छ ।

विशेषगरी पछिल्लो समय उदाएको वैकल्पिक नेतृत्वप्रति जनताले राखेको विश्वासले एउटा स्पष्ट सन्देश दिएको छ- जनता अब भाषण होइन, परिणाम चाहन्छन्, आश्वासन होइन, अनुभूति खोजिरहेका छन् । यही सन्दर्भमा ‘ जनतालाई अनुभूत हुने सुशासन’ अहिलेको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक एजेन्डा बनेको छ ।

जब कुनै नागरिक सरकारी कार्यालयबाट झन्झटबिना सेवा पाउँछ, जब उसको गुनासो सुन्ने र समाधान गर्ने संयन्त्र सक्रिय हुन्छ, जब राज्यका निकायले निष्पक्ष रूपमा काम गर्छन्, तब मात्र उसले सरकार छ भन्ने अनुभूति गर्छ। दुर्भाग्यवश, नेपालमा लामो समयदेखि यही अनुभूतिको अभाव खट्किएको छ ।पछिल्लो समय वालेन्द्र शाह (बालेन) को नेतृत्वप्रति देखिएको जनआकर्षण र विश्वास वास्तवमा परम्परागत राजनीतिक शैलीप्रति जनताको निराशा र नयाँ ढंगको नेतृत्वप्रतिको अपेक्षाको अभिव्यक्ति हो । बालेनले देखाएको काम गर्ने शैली, निर्णयमा दृढता र प्रशासनिक सुधारप्रतिको प्रतिबद्धताले सुशासन सम्भव छ। तर यही आशालाई दीर्घकालीन संस्थागत उपलब्धिमा रूपान्तरण गर्नु नै अहिलेको सबैभन्दा ठूलो चुनौती हो ।

सुशासनको अर्थ केवल भ्रष्टाचार नहुनु मात्र होइन, यसमा पारदर्शिता, उत्तरदायित्व, प्रभावकारी सेवा प्रवाह र न्यायपूर्ण व्यवहार समेटिन्छ। जब कुनै नागरिक सरकारी कार्यालयबाट झन्झटबिना सेवा पाउँछ, जब उसको गुनासो सुन्ने र समाधान गर्ने संयन्त्र सक्रिय हुन्छ, जब राज्यका निकायले निष्पक्ष रूपमा काम गर्छन्, तब मात्र उसले सरकार छ भन्ने अनुभूति गर्छ। दुर्भाग्यवश, नेपालमा लामो समयदेखि यही अनुभूतिको अभाव खट्किएको छ।

यस अवस्थालाई परिवर्तन गर्न अबको नेतृत्वले नीतिगत प्रतिबद्धताभन्दा बढी व्यवहारमा परिवर्तन ल्याउनुपर्छ। सार्वजनिक रूपमा व्यक्त गरिएका विचार र व्यवहारबीचको दूरी घटाउनु अत्यावश्यक छ ।

नेपालमा देखिएको एउटा गम्भीर समस्या हो- सरकार परिवर्तनसँगै प्रशासनिक नेतृत्वमा व्यापक फेरबदल गर्ने प्रवृत्ति । यसले संस्थागत स्थायित्व कमजोर बनाउनुका साथै इमानदार र दक्ष कर्मचारीको मनोबल कमजोर बनाउँछ। कुनै प्रशासकले निष्ठापूर्वक, पारदर्शी रूपमा र परिणाममुखी ढंगले काम गरिरहेको छ भने जुनसुकै सरकारको पालामा नियुक्ति पाएको भए पनि उसलाई निरन्तरता दिनु सुशासनको आधारभूत सर्त हो। योग्य व्यक्तिलाई संरक्षण गर्नु र अयोग्यलाई हटाउनु- यही नै सन्तुलित र जिम्मेवार शासनको पहिचान हो ।

सही व्यक्तिलाई सही वातावरण दिइयो भने नेपालमा सुशासन सम्भव छ। त्यसैले, बालेन नेतृत्वको शासनले इमानदार एवम् साहसी व्यक्तिलाई प्रोत्साहन गर्ने नीति लिनुपर्छ। उनीहरूको काममा अनावश्यक हस्तक्षेप नगर्ने, आवश्यक स्रोत साधन उपलब्ध गराउने र सुरक्षा सुनिश्चित गर्ने जस्ता कदम चाल्न सकिए भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ ।

सुशासनको अर्को महत्त्वपूर्ण आयाम प्रविधिको प्रयोग हो। डिजिटल प्रणालीमार्फत सेवा प्रवाहलाई पारदर्शी र उत्तरदायी बनाउन सकिन्छ। अनलाइन सेवा, स्वचालित प्रक्रिया र डेटा आधारित निर्णय प्रणालीले भ्रष्टाचारका सम्भावना घटाउँछ र सेवाको गुणस्तर सुधार गर्छ ।

जनचेतना र साझा जिम्मेवारी

सुशासन स्थापना केवल सरकारको एकल प्रयासबाट सम्भव हुँदैन । यसका लागि समानान्तर रूपमा जनचेतनामूलक सन्देशको प्रभावकारी प्रचारप्रसार अत्यावश्यक हुन्छ। नागरिक स्वयं सचेत, जिम्मेवार र कर्तव्यनिष्ठ नभएसम्म सुशासनको अनुभूति दिगो हुन सक्दैन ।

अब प्रत्येक नागरिकले आफ्नो भूमिका स्पष्ट बुझ्नुपर्ने समय आएको छ। राज्यका सबै कमजोरी सरकारतर्फ मात्र फर्काउने प्रवृत्तिबाट माथि उठेर समाजका हरेक पक्ष- नागरिक, निजी क्षेत्र, सञ्चारमाध्यम तथा राजनीतिक नेतृत्व सबैले आत्मसमीक्षा गर्दै अघि बढ्नुपर्छ ।

सुशासनलाई गति दिन पेसागत स्वतन्त्रता, योग्यताको सम्मान र संस्थागत स्थायित्वलाई प्राथमिकता दिनु अपरिहार्य छ ।विगतका गलत अभ्यास र कमजोर क्रियाकलापबाट शिक्षा लिँदै अब हामी सबैले इमानदारी, अनुशासन र सकारात्मक सोचका साथ नयाँ नेपाल निर्माणको साझा संकल्प गर्न आवश्यक छ। जब सरकार र नागरिक दुवैले आआफ्नो जिम्मेवारी निष्ठापूर्वक पूरा गर्छन्, तब मात्र सुशासन कागजमा होइन, व्यवहारमा देखिने यथार्थ बन्न सक्छ ।

जनसहभागिता सुशासनको महत्त्वपूर्ण आधार हो। नीति निर्माण र कार्यान्वयन प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित गर्न सके सरकारप्रति विश्वास बढ्छ। गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने, सार्वजनिक सुनुवाइलाई नियमित गर्ने र नागरिकसँग प्रत्यक्ष संवाद बढाउने जस्ता कामले सरकारलाई जनतासँग नजिक बनाउँछ ।

नीतिगत स्थायित्व र पेसागत सम्मान जसरी कुनै व्यवसायले नयाँ वस्तु वा सेवा बजारमा ल्याउनुअघि विस्तृत अध्ययन-अनुसन्धान र योजना बनाउँछ, त्यसैगरी राज्य सञ्चालनमा पनि गहन निर्णय मूल्यांकन र दीर्घकालीन सोचका आधारमा लिनु आवश्यक हुन्छ। बलियो वा शक्तिशाली सरकार हुनु मात्र पर्याप्त हुँदैन, त्यसको प्रयोग कसरी गरिन्छ भन्ने विषय नै निर्णायक हुन्छ ।

सक्षम, इमानदार र परिणाममुखी रूपमा काम गरिरहेका व्यक्तिहरूलाई केवल राजनीतिक कारण वा स्वार्थका आधारमा हटाउने, राजीनामा दिन बाध्य बनाउने वा हस्तक्षेप गर्ने प्रवृत्ति बढ्दै जान्छ भने त्यसले सुशासनको बाटो रोक्छ। अझ सत्तापक्षसँग आबद्ध व्यक्तिले संस्थाहरूलाई आफ्नो स्वार्थअनुकूल चलाउने प्रयास गरे संस्थागत विश्वास कमजोर बन्छ र जनतामाझ नकारात्मक सन्देश जान्छ ।

त्यसैले सुशासनलाई गति दिन पेसागत स्वतन्त्रता, योग्यताको सम्मान र संस्थागत स्थायित्वलाई प्राथमिकता दिनु अपरिहार्य छ ।

अन्ततः सुशासन कुनै एक दिनमा हासिल हुने लक्ष्य होइन, यो निरन्तर सुधार र प्रतिबद्धताको प्रक्रिया हो। तर, यसको सुरुवात स्पष्ट दृष्टिकोण, दृढ इच्छाशक्ति र व्यावहारिक कदमबाट हुनुपर्छ। आजको सन्दर्भमा बालेन नेतृत्वले देखाएको ऊर्जा र प्रतिबद्धतालाई संस्थागत रूप दिन सके नेपालमा सुशासनको नयाँ अध्याय सुरु हुन सक्छ ।

तसर्थ जनताले प्रत्यक्ष रूपमा अनुभूति गर्ने गरी सेवा प्रवाह सुधार गर्दै, इम( ानदार र साहसी व्यक्तिहरूलाई संरक्षण र प्रोत्साहन गर्दै, पारदर्शिता तथा उत्तरदायित्वलाई व्यवहारमा उतार्दै सुशासन स्थापना गर्नु..(राजधानीबाट)


## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

## सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं

सार्वजनिक निकायले

- आफ्नो निकायसंग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्छ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन र प्रसारणको व्यवस्था गर्नु पर्दछ ।
- सूचना प्रवाह गर्न सूचनाअधिकारी अनिवार्य तोक्नु पर्छ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको हुनु पर्छ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्विर सबैले देख्ने गरी कार्यालयमा र वेबसाइटमा राख्नु पर्छ ।
- कसैले सूचना मागे कानुनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ ।

जिल्ला हुलाक कार्यालय डोल्पाद्धारा

जनहितमा जारी सूचना ।